# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, कार्तिक ०५ गते, २०७६ साल (अतिरिक्ताङ्क २४

## भाग ३

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले यो सूचना प्रकाशन गरिएको छ।

# जिल्ला समन्वय समितिलाई उपलब्ध गराईने बजेट तथा अनुदान रकम खर्च सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना**: जिल्ला समन्वय समितिलाई अन्तर स्थानीय तह बीचको समन्वय एवम् अनुगमनमा समन्वय गर्न, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई सुमधुर र समन्वयात्मक बनाउँदै विकासका क्रियाकलापमा सहयोग गर्नका लागि प्रदेश सरकारबाट जिल्ला समन्वय समितिलाई उपलब्ध गराइने अनुदान रकमलाई उपयोग गर्न प्रदेश विनियोजन ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "जिल्ला समन्वय समितिलाई उपलब्ध गराईने बजेट तथा अनुदान रकम खर्च सम्वन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले समितिको निर्णयानुसार यस कार्यविधिको दफा ३ मा उल्लिखित खर्च गर्न सकिने क्षेत्र अन्तर्गतका कार्यक्रम सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय सम्झनुपर्छ।

(ग) "प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ङ) "समिति" भन्नाले जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले महा-नगरपालिका र उप-महा नगरपालिकालाई समेत जनाउँछ।

३. **खर्च गर्न सकिने क्षेत्रः** (१) यस कार्यविधि अनुसार समितिलाई उपलब्ध गराइने अनुदान रकम समितिको निर्णयानुसार देहाय बमोजिमका कार्यमा खर्च गर्नु पर्नेछः-

(क) प्रदेश स्तरीय योजना, आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा समन्वय र सहजीकरण,

(ख) एक भन्दा बढी स्थानीय तहहरू संलग्न हुने आयोजना तथा परियोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यको समन्वय,

(ग) प्रदेश सरकारका नीति अनुरूपका कार्यक्रमहरू स्थानीय तहहरूले सञ्चालन प्रभावकारिताको अनुगमन,

(घ) सहयोगापेक्षी/बेसाहारा सडक मानवमुक्त जिल्ला घोषणा कार्यक्रम कार्यान्वयन लागि स्थानीय तहसँग समन्वय,

(ङ) कार्यालय सञ्चालन, व्यवस्थापन र सामान्य प्रकृतिको मर्मत सुधार,

(च) विपद् व्यवस्थापन, स्थानीय तहहरूले गरेका विकास निर्माण, आन्तरिक आय व्यवस्थापनको अनुगमन, सहजीकरण, समन्वय र वार्षिक तथा आवधिक समीक्षा कार्यक्रम,

(छ) स्थानीय तहहरूले तर्जुमा गरेका कानुनहरू अभिलेखीकरण गर्दै जिल्ला सूचना र अभिलेख केन्द्रको स्थापना र सञ्चालन,

(ज) प्रदेश सरकारले निर्धारण गरेका प्रदेश र स्थानीय तहसँग सम्बन्धित कार्यक्रम,

(झ) सार्वजनिक सरोकार एवं चासोका विषय तथा जिल्लास्थित स्थानीय तहहरुको विकास निर्माण साथै सेवा प्रवाह, समितिबाट गरिने विभिन्न अनुगमनका सूचनाहरु पत्रपत्रिका तथा संचार माध्यमहरुबाट प्रसारण गर्न र जिल्ला सूचना अभिलेख केन्द्रको व्यवस्थापकीय कार्य सूचारु रुपमा सञ्चालन गर्न लाग्ने खर्च,

(ञ) खेलकुद र पर्यटन पूर्वाधार सम्बन्धी कार्य सञ्चालन,

(ट) समितिलाई उपलब्ध गराइएको रकमको उद्देश्यसँग मिल्ने अन्य कार्यक्रम।

(२) संघ तथा स्थानीय तहबाट उपदफा (१) बमोजिमका कार्यक्रममा लागत सहभागिताका आधारमा कार्यक्रम सञ्चालन हुने गरी अनुदान तथा बजेट प्राप्त भएमा सो समेत समावेश गरी कार्यक्रम तथा कार्ययोजना स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ।

४. **रकम निकासा र खर्च**: (१) प्रदेश लेखा नियन्त्रकको कार्यालय वा सो अन्तर्गतका कार्यालय वा सो कार्य गर्न तोकिएका कार्यालय मार्फत जिल्ला समन्वय समितिलाई रकम निकासा गर्नेछ।

(२) समितिले अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम र खर्च गर्न सकिने क्षेत्र तय गरी कार्यक्रमको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो अन्तर्गतका इकाई कार्यालयलाई गराउनु पर्नेछ।

(३) रकम खर्च गर्दा कार्यक्रम स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ र यस्तो खर्च प्रचलित कानुनको अधीनमा रही गर्नु पर्नेछ।

५. **खर्चको लेखा**: (१) अनुदान बमोजिमको रकमको खर्चको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ।

(२) लेखा व्यवस्थापन र आर्थिक कारोवारको अभिलेख राख्ने दायित्व कार्यालय प्रमुखको हुनेछ।

(३) कार्यालय प्रमुखले आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ।

६. **प्रतिवेदन पेश गर्नु पर्नेः** कार्यालयले यस कार्यविधि बमोजिम भए गरेको चौमासिक खर्चको विवरण सहितको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

७. **लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र वेरुजु फछ्यौट गराउने दायित्व कार्यालयको हुनेछ।

(२) आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयबाट तोकिएको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम हुने र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७६।०७।०५**

**आज्ञाले,**

**बालकृष्ण घिमिरे**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.३, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-